आज मिति २०७७ साल भाद्र ०८ गते सोमवारका दिन जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेलको अध्यक्षतामा COVID-19 नियन्त्रण तथा रोकथामको लागि गठित जिल्ला स्तरिय COVID Crisis Managemnet Center को बैठक बस्यो।

**विशेष उपस्थिती (सल्लाहकार) :**

समन्वय उप प्रमुख, श्री सरोज कुमार यादव, जिल्ला समन्वय समिति, सिरहा

**उपस्थिति:**

१. प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्याल, सिरहा - संयोजक
२. प्रमुख सेनानी, श्री जितेन्द्र कुमार गौली, श्री शेर गण चोहर्वा
३. सशस्त्र प्रहरी उपरिक्षक, श्री दिपेन्द्र गिरी, सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा.
४. उप.अनु.निर्देशक, श्री रमेशचन्द्र यादव, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा
५. प्रहरी नायव उपरिक्षक, श्री बिनोद घिमिरे, जिल्ला प्रहरी कार्यालय, सिरहा
६. समन्वय अधिकारी, श्री शिवेन्द्र कुमार मण्डल, जिल्ला समन्वय समिति सिरहा
७. स्वास्थ्य प्रमुख, श्री कृष्णदेव यादव, स्वास्थ्य कार्यालय, सिरहा
८. मे.सु., डा. नागेन्द्र प्रसाद यादव, जिल्ला अस्पताल सिरहा
९. मे.सु., डा. सुनिल कुशवाहा, लहान अस्पताल, लहान
१०. सभापति, श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा
११. अध्यक्ष, श्री प्रमोद कुमार पौद्दार, उद्योग वाणिज्य संघ, सिरहा
१२. प्रतिनिधि, देव कुमार यादव, पत्रकार महासंघ, सिरहा

**बैठकको कारवाही एवम निर्णयहरु:**

१. श्री गृह मन्त्रालय (शा.सु. तथा अ.नि. शाखा) को मिति ०७७।०५।०७ च.नं. ५२८ को पत्र साथ - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. मन्त्रि परिषद् बैठक /३२१/८११ मिति २०७७।०५।०४ को पत्र मार्फत कोभिड-१९ सम्वन्धी म.प.बैठक स. २८/०७७/०७७ मिति ०७७।०५।०४ को नेपाल सरकार (म.प.) को बैठकको निर्णय कार्यान्वयन गर्न प्राप्त पाना ७ (सात) को निर्देशन प्राप्त भई बैठकमा व्यहोरा अवगत भयो।

(क) यस सिरहा जिल्ला सँग सम्वन्धित विषयमा सो निर्देशन कार्यान्वियन गर्ने गराउने साथै यस विषयको जानकारी जिल्लाका सबै (१७) स्थानीय तह एवं स्वास्थ्य कार्यालय सिरहा मार्फत जिल्ला भरका सबै अस्पताल समेतमा दिई-अस्पतालहरुको विवरण, कोभिड-१९ को उपचार व्यवस्था समेतको Data Base तयार गर्ने।

(ख) स्वास्थ्य तथा सुरक्षा मापदण्ड एवं प्रोटोकल अवलम्वन गर्न गराउन-स्वास्थ्य कार्यालय/स्थानीय तह मार्फत रेडियो/एफ एम तथा माइकिङ्ग गरि जिल्ला भर प्रचार प्रसार गर्ने।

(ग) उल्लेखित निर्णय/निर्देशनको बुँदा नं. ५ मा उल्लेखित-माडर नाकाको स्थल मार्ग बाट आउने व्यक्तिहरु आफ्नै खर्चमा होटल क्वारेन्टिनमा कम्तिमा ७ दिन अनिवार्य रुपमा बस्नु पर्ने त्यस्ता होटलको सुचि स्थानीय तह र स्वास्थ्य कार्यालयले संयुक्त तयार गरि पेश गर्ने र खर्च तिर्न नसक्नेहरुलाई नाका क्षेत्रकै क्वारेन्टिनमा बस्न-खान सम्वन्धित स्थानीयत.तहले सहयोग गर्ने।

(घ) निर्णय/निर्देशनको बुँदा नं. ७,८,९ र १० को स्वास्थ्य व्यवस्थापन सम्वन्धी कार्य योजना-स्वास्थ्य कार्यालय एवं सिरहा अस्पतालले तयार गरि तुरुन्त पेश गर्ने।

(ङ) जिल्लाको कोभिड-१९ सम्वन्धी समग्र सूचना Situation Center/ COVID-19 Joint Operation Center (CJOC) / स्वास्थ्य कार्यालयले उपलब्ध गराई अभिलेख समेत दुरुस्त राख्ने। आम संचारको लागि सूचना प्रवाह गर्ने।

२. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ५२७ मिति ०७७।०५।०७ को पत्र बाट देशका विभिन्न भागमा कोभिड-१९ रोकथाम, प्रतिकार्य र नियन्त्रणमा अग्रपंक्तिमा खटिएका स्वास्थ्य, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी तथा निजहरुका परिमावार माथि उतश्रृंखल समुहहरुवाट दुर्व्यवहार तथा अपमानजनक क्रियाकलाप भएको व्यहोरा अवगत भयो। सिरहा जिल्लामा हाल यस्ता घटना नघटेको तथा त्यस्ता घटना प्रति सचेत रही आउने दिनमा समेत हुन नदिन सिरहाका १७ वटै स्थानीय तहलाई अनुरोध गर्ने र सुरक्षा निकायले यसतर्फ समुचित सतर्कता अपनाउने।

३. प्रमुख जिल्ला अधिकारी (जिल्ला प्रशासन कार्यालय, सिरहा) बाट कोभिड-१९ संक्रमणको जोखिम न्यूनीकरण गर्न २०७७ साउन ३२ बाट ०७७ भाद्र १५ सम्म कानून बमोजिम जिल्ला भरका लागि जारि निषेध आदेशको पालना गर्न गराउन सबै निकायको भुमिका बढाउने।

(क) यस अवधिमा सबै स्थानीय तह एवं सरोकारवालाहरुले VTM उपलब्ध गराई सिरहा/लहान अस्पताल एवं स्वास्थ्य कार्यालयको समन्वयमा शंकितहरुको PCR परीक्षण गराउने र स्वाब लिएकै समय बाट नतिजा नआउन्जेल त्यस्ता व्यक्तिहरुलाई आ-आफ्नो स्थानमा अलग्गै बस्न लगाउने तथा सो सम्वन्धि अनुगमन समेत गर्ने।

(ख) Positive नतिजा आउनेहरुको Contact Tracing गर्ने आवश्यक्ता अनुरुप शिल गर्ने काम स्थानीय तह, स्वास्थ्य निकायले गर्ने यसमा सुरक्षा निकायले सुरक्षा सहयोग पु-याउने।

शंकितहरुको स्वाब लिई PCR परीक्षण गराउने र नतिजा नआउदा सम्म अलगै रहन स्थानीय तह/वडाहरुले जानकारी दिई अनुगमन गर्ने।

(ग) क्वारेन्टिन व्यवस्थापन स्थानीय तहहरुले मापदण्ड/प्रोटोकल अनुरुप गरि गराई अभिलेख राखि दैनिक प्रतिवेदन गर्ने।

(घ) मिर्चैया न.पा. पुरानो PSC भवन, इलाका प्रहरी कार्यालय गोलबजारको निर्माणधिन भवन र लहान न.पा.को पडरिया स्थित विद्यालयमा हालै स्थापित आईसोलेसनलाई मापदण्ड/प्रोटोकल अनुरुप संचालन गर्ने।

सिरहा न.पा.को सू. स. मो. या. ब. क्याम्पस होस्टेल, नरहा गा.पा. को चोहर्वा स्थित ने.रे.सो. भवन र गोलबजार न.पा. स्थित प्राविधिक शिक्षालयको नयाँ भवनमा थप ३ आईसोलेसन संचालन गर्न स्थानीय तह / रेडक्रस / सिरहा अस्पताल / सावास्थ्य कार्यालय, भूमिगत जलश्रोत सिंचाई विकास डिभिजन कार्यालय लहान र सरोकारबालाहरुले समन्वयात्मक रुपमा काम गर्ने।

(ङ) सिरहा र लहान अस्पतालले शव बाहन खरिद प्रकृयालाई टुङ्गोमा पु-याउने।

(च) सिरहा अस्पतालमा अक्सिजन सहितको ICU र भेन्टिलेटर संचालन यथाशिघ्र टुङ्ग्याउने।

(छ) सिरहा अस्पतालमा PCR परीक्षण ल्याव जडान / संचालन गर्न स्रोत व्यवस्थापनका लागि प्रदेश सरकार- प्रदेश नं. २ मा पुन: अनुरोध गर्ने।

४. संस्थागत रुपमा संचालित वा संचालन हुने आईसोलेसनको संचालनको जिम्मेवारी सम्वन्धित स्थानीय तह / संस्था वा निकायको हुने गरि स्वास्थ्य कार्यालयले मापदण्ड बमोजिम स्वीकृत दिने / त्यस्तो हुने गरि स्वास्थ्य कार्यालयले मापदण्ड बमोजिम स्विकृति दिने। त्यस्तो हुन नसक्ने अवस्थामा COVID-19 संक्रमितलाई मान्यता प्राप्त आईसोलेसनमा लैजाने।

५. महेन्द्र गेनाई कोभिड अस्पताल, धनगढीमाईमा ५ बेडको भेन्टिलेटर सहितको ICU कक्ष संचालनको साथै थप २५ बेडको प्रिफ्याड आईसोलेसन वार्ड संचालन गर्न, सिरहा अस्पतालले २ वटा oxygen plant संचालनमा ल्याउन तथा लहान अस्पतालले एउटा oxygen Plant संचालनमा ल्याउन अन्य उपकरणहरुको व्यवस्थापन / संचालनको लागि प्रदेश कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष / प्रदेश सरकार प्रदेश नं. २ मा अनुरोध गर्ने।

६. PCR परीक्षण गरि नतिजा आउन ढिलाई भैरहेको यसवाट Contact Tracing गर्न अन्य थप समस्या हुने हुँदा सिरहा अस्पतालमा तत्काल सो ल्याब स्थापना एवं संचालन गर्न प्रदेश कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष / प्रदेश सरकार प्रदेश नं. २ मा पुन: अनुरोध गर्ने।

७. जिल्ला स्थित गैर सरकारी संघ संस्थाहरुले प्रशिक्षित स्वयंसेवी तयार गरेर सम्वन्धित स्थानीय तह / स्वास्थ्य शाखा तथा स्वास्थ्य कार्यालय (सिरहा) सँग पूर्व समन्वय गरि COVID-19 संक्रमण जोखिम न्यूनीकरणका लागि वडा र वस्ति सम्म सचेतना फैलाउन, एम्वुलेन्स लगायतको सेवा जुटाउन गै.स.स. महासंघ जिल्ला शाखा तथा सबै स्थानीयत तह मार्फत अनुरोध गर्ने ।

८. सिरहा जिल्लाको माडर नाकावाट नेपाल आउने व्यक्तिहरुलाई ना ४ ख ६७३० नं. को बस वाट जिल्लाको विभिन्न क्वारेन्टिनमा लैजानको लागि प्रत्येक दिन होल्डिङ्ग सेन्टरमा खटिएका अधिकृतवाट प्रमाणित भएर आएको दिनको लागिमात्र मिति २०७७।०३।२४ गते बाट २०७७।०५।०७ गते सम्मको दैनिक रु ४,५००/- (चार हजार पाच सय मात्र) का दरले भुक्तानी दिने । साथै मिति २०७७।०२।२५ गते बाट संचालन भएका माडर नाका ना ४ ख ६७३० र ठाडी नाका को १ ज २६६७ नं. को गाडीको इन्धन बापत क्रमश : रु ७४,१७९/- र रु ४४,१२६/- गरि जम्मा रु १,१८,३०५/- (एक लाख अठार हजार तिन सय पाच मात्र) भुक्तानी दिने ।

९. कोभिड-१९ को शव व्यवस्थापनको लागि नेपाली सेना शेर गण चोहर्वालाई जिल्ला प्रशासन कर्यालय मार्फत प्रदश नं. २ सरकारवाट प्राप्त कोरोना उपचार रोकथाम कोष वाट देहायको सामाग्री खरिद गरि हस्तान्तरण गरियो ;

| क्र.स. | सामाग्रीको विवरण | परिमाण | दर | जम्मा (कर वाहेक) |
|---|---|---|---|---|
| १ | गम बुट | ५० | ७०० | ३५,०००/- |
| २ | N-95 मास्क | २०० | १०० | २०,०००/- |
| ३ | सेतो पलास्टिक | २०० मिटर | ३० | ६,०००/- |
| ४ | नायलन डोरी | २०० मिटर | १० | २०,००0/- |
| ५ | स्प्रे ट्याङ्की | २ थान | ५,०००/- | १०,०००/- |
| ६ | सु कभर | २०० जोर | ५ | १,०००/- |
| ७ | सोडियम र कलोरिन | ५० कि.ग्रा. | २०० | १०,०००/- |
| | जम्मा रु | | | ८४,०००/- |

१०. हाल सिरहा जिल्लाको कोभिड-१९ व्यवस्थापनको स्थिति देहाय अनुरुप रहेको ;

| जिल्ला | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनवाट फिर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनवाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचार्थ | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु. | म. | ज. | | | | | | | | |
| सिरहा | १६ | ० | २४ | १६७२ | २६३ | १४ | २७७ | ६४३३ | २०५ | १४६ | १४ | १६० | २१५ | ६५७५ | ६२५४ | ३७८ | १६० | २१५ | ३ | ३८१५ |